(मालसमान खरिदका लागि कागजात)

# सोझै खरिद बिधि (DP)

## तोरीको बीउ खरिद

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# विषयसूची


| |
|---|
| खण्ड १. प्रत्यक्ष खरिदको लागि आव्हान (IDP) |
| खण्ड २. सम्झौताका सर्तहरू |
| खण्ड ३. आवश्यकताहरूको तालिका |
| खण्ड ४. प्राविधिक विशिष्टताहरू |
| खण्ड ५. नमूना फारमहरू |

खण्ड १ : सोझै खरिदका लागि आव्हान (**Invitation for Direct Purchase – IDP**)

मिति २०८३/०६/०२

श्री ................................

............................. ।

**<u>बिषय: सोझै खरिदका लागि आव्हान (Invitation for Direct Purchase – IDP)</u>**

१. तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले यसैसाथ संलग्न स्पेशिफिकेशन (Specifications) तथा आवश्यकताको तालिका (Schedule of Requirements) अनुसार **<u>उन्नत तोरीको बीउ खरिद कार्यका लागि</u>** मूल्य सहितको कोटेशन पेश गर्न इच्छुक योग्य आपूर्तिकर्ता/बोलपत्रदातालाई आव्हान गर्दछ।

२. बोलपत्रदाताले पेश गर्ने मूल्य सहितको कोटेशनमा देहायका कागजातहरू समावेश हुनुपर्नेछः

क) कोटेशन तथा मूल्य तालिका

ख) आवश्यकताको तालिका

ग) प्राविधिक विवरण (Technical Specifications)

३. मूल्य सहितको कोटेशन तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र मिति <u>२०८३/०६/०८</u> सम्ममा पेश गरिसक्नु पर्नेछ।

४. बोलपत्रदाताले मूल्य तालिकामा एकाइ दर तथा कुल मूल्य स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। सम्झौता अन्तर्गत आपूर्तिकर्ता/बोलपत्रदाताले तिर्नुपर्ने सम्पूर्ण भन्सार, कर तथा अन्य शुल्कहरू पेश गरिएको दर, मूल्य तथा कुल बोलपत्र मूल्यमा समावेश गरिएको हुनुपर्नेछ।

५. बोलपत्रदाताले उल्लेख गरेको मूल्य सम्झौता कार्यसम्पादन पूरा नहुन्जेलसम्म यथावत तथा वैध रहनेछ र कुनै पनि कारणले परिवर्तन गरिने छैन।

६. पेश गरिएका मूल्यसहितका कोटेशन पेश गर्ने अन्तिम मिति पछिको ७ (सात) दिन सम्म मान्य रहने छन् ।

७. बोलपत्रदाताले आफ्नो बोलपत्रसँगै, बोलपत्रमा सहभागी हुन योग्य भएको तथा बोलपत्र स्वीकृत भएमा सम्झौता कार्य सम्पादन गर्न सक्षम भएको प्रमाणित गर्ने कागजातहरू पेश गर्नुपर्नेछ। यस्ता कागजातहरूमा देहायका कागजातहरू समावेश हुनेछन्:

क) अद्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र

ख) भ्याट तथा प्यान दर्ता प्रमाणपत्र

ग) कर चुक्ता प्रमाणपत्र वा सम्मको कर विवरण पेश गरेको प्रमाण

घ) आवश्यक भएमा उत्पादकको आधिकारिक अधिकारपत्र (Manufacturer's Authorization Certificate)

ङ) पावर अफ एटर्नी

च) आवश्यक अन्य कागजातहरू

८. यस सम्झौता अन्तर्गत आपूर्ति गरिने सामानहरू आवश्यकताको तालिका तथा प्राविधिक विवरणमा उल्लेख गरिएका मापदण्ड अनुसार हुनुपर्नेछ।

९. यदि कोटेशन खरिद, पेश तथा खोल्ने अन्तिम मिति सार्वजनिक बिदामा परेमा, त्यसको भोलिपल्टको कार्य दिनलाई अन्तिम मिति मानिनेछ।

१०. खरिदकर्ताले कुनै कारण नखुलाई सिलबन्दी कोटेशनहरू स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार सुरक्षित राख्दछ।

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## खण्ड २ : सम्झौताका शर्तहरू (Conditions of Contract)

| | |
|---|---|
| १. परिभाषा | १.१ यस सम्झौतामा प्रयोग भएका देहायका शब्दहरूको अर्थ यस प्रकार हुनेछः<br>क) **"सम्झौता"** भन्नाले खरिदकर्ता र आपूर्तिकर्ताबीच हस्ताक्षर गरिएको सम्झौता फाराम, त्यससँग संलग्न सबै परिशिष्ट, अनुसूची तथा सोसँग समावेश गरिएका सम्पूर्ण कागजातहरू समेतलाई जनाउँछ।<br>ख) **"सम्झौता मूल्य"** भन्नाले सम्झौता अनुसार आपूर्तिकर्ताले आफ्नो सम्पूर्ण दायित्व सही रूपमा पूरा गरेबापत पाउने भुक्तानी रकमलाई जनाउँछ।<br>ग) **"सामान"** भन्नाले उपकरण, सम्बन्धित सहायक सामग्री, स्पेयर पार्ट्स वा सम्झौता अनुसार आपूर्तिकर्ताले खरिदकर्तालाई आपूर्ति गर्नुपर्ने अन्य सामग्रीलाई जनाउँछ।<br>घ) **"सेवा"** भन्नाले सामान आपूर्तिसँग सम्बन्धित सहायक सेवाहरू जस्तै ढुवानी, बीमा, जडान, सञ्चालन, परीक्षण (commissioning) तथा उपकरणको सञ्चालन तथा मर्मतसम्भार सम्बन्धी तालिमलाई जनाउँछ।<br>ङ) **"खरिदकर्ता"** भन्नाले सामान खरिद गर्ने निकायलाई जनाउँछ।<br>च) **"आपूर्तिकर्ता"** भन्नाले यस सम्झौताअनुसार सामान तथा सेवा आपूर्ति गर्ने संस्था/व्यक्तिलाई जनाउँछ। |
| २. प्राविधिक विवरण | २.१ यस सम्झौता अन्तर्गत आपूर्ति गरिने सामानहरू प्राविधिक विवरणमा उल्लेख गरिएका मापदण्ड अनुसार हुनुपर्नेछ। |
| ३. पेटेन्ट अधिकार | ३.१ सामानको प्रयोगका कारण खरिदकर्ताको देशमा पेटेन्ट, ट्रेडमार्क वा औद्योगिक डिजाइन अधिकार उल्लङ्घन सम्बन्धी कुनै तेस्रो पक्षको दाबी उत्पन्न भएमा, त्यसबाट उत्पन्न हुने सम्पूर्ण दायित्वबाट खरिदकर्तालाई आपूर्तिकर्ताले क्षतिपूर्ति (indemnify) बेहोर्नु पर्नेछ । |
| ४. निरीक्षण तथा परीक्षण | ४.१ खरिदकर्ता वा निजको प्रतिनिधिलाई सामान आपूर्ति तथा ढुवानी पछि, खरिदकर्ताको परिसरमा सामानको प्राविधिक विवरण अनुसारको गुणस्तर र कार्यक्षमता सुनिश्चित गर्न निरीक्षण तथा/वा परीक्षण गर्ने अधिकार रहनेछ। |
| ५. प्याकिङ | ५.१ आपूर्तिकर्ताले सामान अन्तिम गन्तव्यसम्म सुरक्षित रूपमा पुऱ्याउन क्षति वा बिग्रन नदिने उपयुक्त प्याकिङको व्यवस्था गर्नुपर्नेछ।<br>५.२ प्याकिङ यस्तो हुनुपर्नेछ कि ढुवानीका क्रममा हुने कडा ह्यान्डलिङ, अत्यधिक तापक्रम, प्रतिकुल वातावरण तथा वर्षा आदिको प्रभाव सहन सक्ने होस्।<br>५.३ प्याकिङ, चिन्हांकन (marking) तथा प्याकेजभित्र र बाहिरका कागजातहरू अन्तर्राष्ट्रिय मानक तथा अभ्यासअनुसार र सम्झौतामा स्पष्ट रूपमा तोकिएका विशेष आवश्यकता अनुसार हुनु पर्नेछ। |
| ६. सामानको आपूर्ति | ६.१ सामानको आपूर्ति खरिदकर्ताले आवश्यकताको तालिकामा उल्लेख गरेका शर्तहरूअनुसार आपूर्तिकर्ताले गर्नेछ। |
| ७. वारेन्टी | ७.१ आपूर्तिकर्ताले यस सम्झौताअन्तर्गत आपूर्ति गरिएका सबै सामानहरू सम्झौतामा उल्लेख गरिएका विवरण तथा मापदण्डअनुसार पूर्ण रूपमा अनुरूप भएको सुनिश्चित गर्दछ।<br>७.२ वारेन्टी अवधि उपकरणको जडान तथा सञ्चालन (commissioning) पश्चात खरिदकर्ताबाट स्वीकृत भई अन्तिम गन्तव्यमा आपूर्ति भएको मितिदेखि **एक (६) महिना** सम्म कायम रहनेछ।<br>७.३ वारेन्टी अन्तर्गत कुनै दाबी उत्पन्न भएमा खरिदकर्ताले तुरुन्तै लिखित रूपमा आपूर्तिकर्तालाई जानकारी गराउनेछ।<br>७.४ यस्तो सूचनापछि आपूर्तिकर्ताले यथासक्य छिटो खरिदकर्तालाई कुनै लागत नपर्ने गरी दोषपूर्ण सामान प्रतिस्थापन गर्नेछ। दोषपूर्ण सामान हटाउने कार्य आपूर्तिकर्ताले आफ्नै जोखिम र खर्चमा गर्नेछ। |

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७४

| | |
|---|---|
| ९. भुक्तानी | ९.१ सामानको आपूर्ति, जडान तथा सञ्चालन कार्य खरिदकर्ताले तोके अनुसार सम्पन्न भएपछि नेपाली रुपैयाँमा भुक्तानी गरिनेछ।<br><br>९.२ खरिदकर्ताले जारी गरेको स्वीकृति प्रमाणपत्र (Acceptance Certificate) सहितको भुक्तानी दाबी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र भुक्तानी गरिनेछ। |
| ९. मूल्य | ९.१ सम्झौता अन्तर्गत आपूर्ति गरिने सामानको मूल्य आपूर्तिकर्ताले कोटेशनमा उल्लेख गरेको मूल्यभन्दा फरक हुने छैन। |
| १०. बीमा | खरिदकर्ताले आवश्यक ठाने अनुसार उपयुक्त बीमाको व्यवस्था गर्नेछ। |
| ११. भाषा | ११.१ यस सम्झौताका लागि मान्य भाषा नेपाली वा अंग्रेजी हुनेछ। |
| १२. लागू हुने कानून | १२.१ यस सम्झौतामा नेपालका प्रचलित कानूनहरू लागू हुनेछन |
| १३. सूचना | १३.१ सूचना आदान–प्रदानका लागि खरिदकर्ताको ठेगानाः तुलसीपुर उपमहानगरपालिका दाङ<br>१३.२ सूचना आदान–प्रदानका लागि आपूर्तिकर्ताको ठेगानाः तुलसीपुर दाङ हुनेछ । |
| १४. कर तथा महसुल | १४.१ नेपाल सरकारद्वारा लगाइने सम्पूर्ण कर, महसुल, इजाजतपत्र शुल्क तथा अन्य लेवी तिर्ने पूर्ण जिम्मेवारी आपूर्तिकर्ताको हुनेछ। |
| १५. सञ्चालन, मर्मत तथा स्पेयर पाट्र्स म्यानुअल | १५.१ सफल आपूर्तिकर्ताले उपकरणका उत्पादकद्वारा जारी गरिएका सञ्चालन, मर्मत तथा स्पेयर पाट्र्ससम्बन्धी म्यानुअलका २ (दुई) प्रति उपलब्ध गराउनुपर्नेछ। |
| १६. आपूर्तिकर्ताको आचरण | १६.१ आपूर्तिकर्ताले सम्झौता सम्झौता, बोलपत्र कागजात तथा नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार आफ्ना दायित्वहरू पूरा गर्नुपर्नेछ।<br><br>१६.२ खरिद प्रक्रिया वा सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने उद्देश्यले आपूर्तिकर्ताले देहायका कुनै पनि कार्य गर्न वा गराउन पाइने छैनः<br>क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित प्रलोभन दिनु वा प्रस्ताव गर्नु,<br>ख) तथ्यहरूको विकृति वा गलत प्रस्तुति गर्नु,<br>ग) भ्रष्टाचार वा जालसाजीपूर्ण कार्यमा संलग्न हुनु,<br>घ) अन्य सम्भावित बोलपत्रदाताको सहभागितामा अवरोध पुऱ्याउनु,<br>ङ) खरिद प्रक्रियामा संलग्न कुनै पक्षलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा डर धम्की दिनु वा क्षति पुऱ्याउने प्रयास गर्नु,<br>च) काम बाँडफाँड गर्ने वा कृत्रिम/अप्रतिस्पर्धी मूल्य निर्धारण गर्ने उद्देश्यले बोलपत्रदाताबीच मिलेमतो गर्नु,<br>छ) बोलपत्र खोलिएमछि सम्झौता स्वीकृतिको सूचना नआउन्जेलको अवधिमा मूल्याङ्कन प्रक्रियामा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासँग सम्पर्क गर्नु। |
| 17. आपूर्तिकर्तालाई कालोसूचीमा राख्ने | १७.१ नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) ले आपूर्तिकर्ताले गरेको कार्यको गम्भीरता अनुसार देहायका आधारमा अधिकतम तीन (३) वर्षसम्म कालोसूचीमा राख्न सक्नेछः<br>क) दफा १६.२ बमोजिमका कार्यहरू गरेको प्रमाणित भएमा,<br>ख) सम्झौता कार्यान्वयनमा गम्भीर त्रुटि गरेको वा सम्झौताअनुसारको दायित्व पर्याप्त रूपमा पूरा नगरेको प्रमाणित भएमा, |

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा दाङ

| | |
|---|---|
| | ग) सम्झौतामा उल्लेखित गुणस्तरअनुसार काम सम्पन्न नगरेको प्रमाणित भएमा,<br>घ) आपराधिक कसुरमा अदालतबाट दोषी ठहर भई सम्झौतामा सहभागी हुन अयोग्य ठहरिएमा।<br><br>१७.२नेपाल सरकारद्वारा कालोसूचीमा राखिएको आपूर्तिकर्ता PPMO ले तोकेको अवधिसम्म कुनै पनि सम्झौतामा सहभागी हुन अयोग्य हुनेछ। |
| १८. विवाद समाधान | १८.१ सम्झौताबाट उत्पन्न भई आपसी सहमतिबाट समाधान हुन नसकेका विवादहरू निर्णायक निकाय (Adjudication) समक्ष पेश गरिनेछ। |

## खण्ड ३ : आवश्यकताको तालिका (Schedule of Requirements)

यहाँ उल्लेख गरिएको आपूर्ति तालिका (दिन/हप्ता/महिनामा) ले सामान आपूर्ति गर्नुपर्ने अन्तिम मिति जनाउँछ, जुन मिति सामान **अन्तिम गन्तव्य (Place of Delivery)** मा पुर्‍याउनुपर्ने मितिलाई मानिनेछ।

| क्रम संख्या | सामानको विवरण | परिमाण के जी | आपूर्ति स्थान | आपूर्ति तालिका (सम्झौता मितिबाट दिन/हप्ता/महिना) |
|---|---|---|---|---|
| १ | तोरीको बीउ (उन्नती) | ३००० | तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङ। | ७ दिन |

**खण्ड ४ प्राविधिक विशिष्टीकरण**

*तोरीको बिउ mustard seed (Brassica juncea L.)Specification*

| S.N. | Parameter | Specification |
|---|---|---|
| 1 | *mustard* | *Unnati* |
| 2 | *Germination* | *Minimum 75%* |
| 3 | *Purity* | *97%* |
| 4 | *Inert matter* | *Maximum 3%* |
| 5 | *Moisture* | *7% or less* |
| 6 | *Other crop seeds* | *Maximum 20 no per kg* |
| 7 | *Weed seeds* | *Maximum 10 no per kg* |

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा

खण्ड ५ : नमूना फारामहरू (Sample Forms)

## (क). मूल्य कोटेशन तथा मूल्य तालिका (Price Quotation and Price Schedules)

मितिः ________________

श्री तुलसीपुर उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तुलसीपुर,दाङ ,

महाशय,

हामीले सोझै खरिद (Direct Purchase – DP) सम्बन्धी कागजातहरू सावधानीपूर्वक अध्ययन गरेका छौं । तदनुसार, हामी हस्ताक्षरकर्ता. यसै DP कागजातहरू अनुसार बिषादि आपूर्ति गर्न कुल रकम रु.........................(.............................) वा यससँग संलग्न मूल्य तालिका अनुसार निर्धारण हुने अन्य रकम मा प्रस्ताव गर्दछौं । संलग्न मूल्य तालिका यस मूल्य कोटेशनको अभिन्न अङ्ग रहनेछ।

यदि हाम्रो मूल्य कोटेशन स्वीकृत भएमा, हामी आवश्यकताको तालिकामा उल्लेख गरिएको आपूर्ति तालिका अनुसार सामान आपूर्ति गर्न प्रतिबद्ध छौं।

हामी यस मूल्य कोटेशनलाई कोटेशन पेश गर्ने अन्तिम मितिदेखि १५ (पन्ध्र) दिन सम्म मान्य राख्न सहमत छौं।

औपचारिक सम्झौता तयार भई हस्ताक्षर नभएसम्म, यो मूल्य कोटेशन, यसप्रति तपाईंको लिखित स्वीकृति तथा सम्झौता प्रदान सम्बन्धी सूचनासहित, हामीबीच बाध्यकारी सम्झौता मानिनेछ।

हामीलाई यो कुरा बोध छ कि तपाईं कुनै पनि वा न्यूनतम मूल्य कोटेशन स्वीकार गर्न बाध्य हुनु हुन्न।

हस्ताक्षरः ________________
पदः ________________
मिति
फर्म

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा तुलसीपुर, दाङ २०७२

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

# (ख). मूल्य तालिका (Price Schedule)

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

आपूर्तिकर्ताको नाम : ......................................पृष्ठ : .......... / ..........

| क्र.सं. | सामानको विवरण | एकाइ | परिमाण | एकाइ दर (साइटमा आपूर्ति सहित) | प्रति सामान कुल मूल्य (स्तम्भ ४ × ५) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तोरीको बीउ उन्नती | के जी | ३००० | | | |
| | | | | | | |
| | | | | कुल रकम | | |
| | | | | १३% मूल्य अभिवृद्धि कर (VAT) थप | | |
| | | | | कुल मूल्य | | |
| | | | | कुल मूल्य (अक्षरमा) : | | |

बोलपत्रदाताको हस्ताक्षर : ......................................

नोट: यदि एकाइ दर र कुल मूल्यबीच फरक देखिएमा, **एकाइ दर मान्य** हुनेछ ।